NTUC

Nepal Trade Union Congress
नेपाल ट्रेड युनियन काँग्रेस
राष्ट्रिय समिति

च.नं Ref. No.: ४१६-०७९/०८०

मिति Date: २०८०/०३/३१

माननीय शरतसिंह भण्डारीज्यू,
मन्त्री, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार काठमाण्डौं, नेपाल ।

**ज्ञापनपत्र**

नेपाल ट्रेड युनियन काँग्रेस नेपाली श्रमजीवि वर्गको हकहित र अधिकार सुनिश्चित गर्न विगत ७ दशकदेखि क्रियाशील रहदै आएको यहाँलाई विदितै छ। यस महासंघले श्रमिकका मुद्दाहरुमा मात्र नभई नेपालका विभिन्न लोकतान्त्रिक आन्दोलनहरुमा समेत महत्वपूर्ण भुमिका निर्वाह गर्दै आइरहेको छ। श्रमिकका विभिन्न मुद्दाहरु उठाउने क्रममा नेपाल ट्रेड युनियन काँग्रेसले श्रमिकहरुको पारिश्रमिकलाई प्रमुख मुद्दाको रुपमा लिदै आएको छ। यहि न्युनतम पारिश्रमिकको सन्दर्भमा यहाँमार्फत श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय शरद सिंह भण्डारीज्यूलाई ज्ञापन पत्र बुझाउन उपस्थित भएका छौं ।

नेपालको श्रम ऐन, २०७४ मा व्यवस्था भए अनुसार प्रत्येक २/२ वर्षमा त्रिपक्षिय सहमतीका आधारमा श्रमजीविहरुको न्युनतम पारिश्रमिक निर्धारण गरी लागु गर्नुपर्ने विषयमा हामी कटिबद्ध छौं। यही व्यवस्था बमोजिम २०८० आषाढ मसान्तमा त्रिपक्षिय आधारमा न्युनतम पारिश्रमिक निर्धारण गरी श्रावणदेखि लागु गर्नुपर्नेमा सरकार, रोजगारदाता र ट्रेड युनियनबीच पटक-पटक छलफल हुँदा पनि सहमतिमा पुग्न नसकेको अवस्था छ। श्रमजीविको पारिश्रमिकको सन्दर्भमा नेपाल ट्रेड युनियन काँग्रेस विगतदेखि नै न्युनतम पारिश्रमिक (Minimum Wage) श्रमिकको जीवनयापनको निमित्त सहजता प्रदान गर्ने हुनु पर्दछ भन्ने कुरा उठाउदै आइरहेको र यही अडानमा अडिग छ।

रोजगारदाताकासाथै सरकार समेत श्रमजीविको न्युनतम पारिश्रमिकमा गम्भीर देखिदैन । सरकार आफै कानुन विपरित देशमा दुई प्रकारको न्युनतम पारिश्रमिक निर्धारण गरी गम्भीर विभेद गरिरहेको छ। सरकारी कार्यालयमा कार्यालय सहयोगीलाई समेत मासिक रु.२६,०००।- तोकेको अवस्थामा वर्तमान समयको कहालीलाग्दो मुल्य वृद्धि, महंगीमा मासिक रु.१५,००० मा श्रमजीविले कसरी जीवनयापन गर्दछन् भन्ने गम्भीर प्रश्न हामीमाझ उठेको छ। विशेषत: अनौपचारिक र उत्पादन क्षेत्रमा संलग्न लाखौं श्रमिकलाई बजार मुल्य वृद्धिको दाँजोमा अव्यवहारिक र अपुग पारिश्रमिक निर्धारण गरी कसरी उत्पादकत्व वृद्धि र देश समृद्ध बनाउन सकिन्छ ?

वर्तमान समयको मूल्य वृद्धि र महंगीलाई समेत ध्यानमा राखी नेपाल ट्रेड युनियन काँग्रेसले मिति २०८० आषाढ ४-६ सम्म काठमाण्डौंमा सम्पन्न सातौं राष्ट्रिय महाधिवेशनमा व्यापक छलफल गरी कम्तीमा श्रमिकको पारिश्रमिक न्युनतम मासिक रु.२५,०००।- हुनुपर्ने निर्णय गरेको छ । यहि निर्णयानुसार विभिन्न छलफल र संवादमा समेत यही अडान राख्दै आएको छ। यसको निमित्त उत्पादकत्व वृद्धि कार्ययोजनामा पुर्ण सहयोग गर्न नेपाल ट्रेड युनियन काँग्रेस प्रतिबद्ध छ।

तसर्थ, आकासिदो महंगीको वर्तमान अवस्थामा चिया बगान लगायत सबै क्षेत्रका श्रमिकहरुलाई एकरुपता कायम हुनेगरी न्युनतम पारिश्रमिक मासिक रु.२५,०००।- निर्धारण नभए श्रमजीविहरुको हकहित र अधिकारका लागि नेपाल ट्रेड युनियन काँग्रेस कडा भन्दा कडा कदम चाल्न बाध्य हुने सम्बन्धित सबै पक्षमा जानकारी गराउँदछौं ।

जय नेपाल ।

..................................
योगेन्द्रकुमार कुँवर
अध्यक्ष

Binayaknagar, Bulbule Marga, Kathmandu-10, Nepal
P.O.Box: 5507, Tel.:+977-1-5244954, Fax: +977-1-5244959, Email: info@ntuc.org.np
ntucoffice@gmail.com
www.ntuc.org.np